बौधीमाई नगरपालिका
Baudhimai Municipality

# नगरकार्यपालिकाको कार्यालय

**Office of The Municipal Executive**
सरमुजवा,रौतहट
**sarmujawa,Rautahat**
प्रदेश नं.२,नेपाल

प.सं. / Ref.No:०७६ / ०७७
च.नं. / Dispatch No:-

मिति २०७६/१२/२९

## सूचना ! सूचना !! सूचना !!!

विषयः-खाद्यान्न आपूर्ति गर्न खाद्यान्न सामाग्रीहरुको दरभाउपत्र पेश गर्ने सम्बन्धमा ।

श्री इजाजत पत्रप्राप्त आपुर्ति कर्ता,
व्यवसायिक वा व्यक्ति,फर्म, संस्था तथा कम्पनीहरु ।

प्रस्तुत विषयमा कोरोना भाईरस संक्रमन (COVID-19) प्रभाविभत मजदुर,श्रमिक,गरीब तथा आर्थिक रुपमा अति विपन्न किसानहरुलाई राहत वितरण (मापदण्ड तथा अनुगम) निर्देशिका २०७६ को बुदाँ नं.३ अनुसार ९ ओटै वडाका लक्षित समुह पहिचान तथा राहत वितरण समितिले पहिचान गरि सिफारिस गरेका यस बौधीमाई न.पा.का ९ ओटै वडाका लक्षित समुह घर परिवारहरुलाई राहत वितरण सम्बन्धित वडामा नै गर्न तपसिल बमोजिमका खाद्यान्न सामाग्री आपुर्ति गर्न इच्छुक इजाजत पत्र प्राप्त आपुर्ति कर्ता, व्यवसाययिक वा व्यक्ति,फर्म, संस्था तथा कम्पनीहरुबाट मिति २०७६/१२/३० गते देखि मिति २०७७/०१/०३ गते दिनको ४:०० बजे भित्र प्रति के.जि.के खाद्यान्न के कति दररेटमा (कर सहित) उपलब्ध गराउने हो सो को गोप्य शिलवन्दी दरभाउपत्र तपसिलमा उल्लेखित शर्तमा पेश गर्नु हुन राहत सामाग्री खरिद समितिको मिति २०७६/१२/२९ गतेको निर्णय अनुसार यो सूचना प्रकाशित गरिएको छ ।

**<u>खाद्यान्न सामाग्रीको विवरण :-</u>**

१ सोना मंसुरी मसिनो चामल प्रति के.जि.

२ दाल मसुरो प्रति के.जि.

३ आलु प्रति के.जि.

४ खाने तेल प्रति लिटर र प्रति आधा लिटर

५ आयोडिन युक्त नुन प्रति के.जि.

६ गेडागुडी चना कावली (ठुलो) प्रति के.जि.

शरदकुमार भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

क्रमशः 2

शिलबन्दी दरभाउ पत्रमा पालना गर्नु पर्ने शर्तहरु :-

१ शिलबन्दी दरभाउ पत्र साथ संस्था वा फर्मको प्रमाण पत्र, स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर, दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाण पत्र तथा व्यवसायिक इजाजतपत्र पेश गर्नु पर्ने छ ।

२ दरभाउपत्र अंक र अक्षरमा केरमेट नगरी पेश गर्नु पर्ने छ ।

३ उपरोक्त खाद्यान्न सामाग्रीहरु मध्ये सबै खाद्यान्नहरुको अलग अलग दरभाउ वा आफुले आपुर्ति गर्न चाहेको खाद्यान्नको मात्र दरभाउ पत्र पेश गर्न सकिनेछ ।

४ यो दरभाउ पत्र मिति २०७७/०१/०४ गते दिनको ११:०० बजे यस बौधीमाई नगरपालिकाको कार्यालयमा खोलिनेछ र फर्मको प्रतिनिधि नआए पनि खोल्न कुनै बाधा पर्ने छैन ।

५ दरभाउ स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बौधीमाई नगरपालिका सरमुजवा,रौतहट को राहत सामाग्री खरिद समितिलाई हुनेछ

६ आपुर्ति सम्बन्धी अन्य शर्तहरु दरभाउ पत्र स्वीकृत भए पछि फर्म र न.पा.बीच हुने सम्झौता पत्र अनुसार हुनेछ

७ लक्षित समुह करिब ३८०० देखी ४००० परिवार हुन सक्नेछ ।

८ रित नपुगेको दरभाउपत्रको मुल्याङ्क गरिने छैन ।

९ दरभाउपत्र पेश गर्दा आफुले आपुर्ति गर्ने खाद्यन्न सामाग्रीको १ (एक) के.जि.को पैकेट फार्मको पहिचान स्पष्ट खुल्ने गरि नमुनाको रुपमा पेश गर्नु पर्नेछ ।

१० कुनै पनि शर्तमा शिलवन्दी दरभाउपत्र दर्ता गरिने छैन ।

११ थप जानकारीको लागि यस न.पा.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१२ राहत खाद्यान्न सामाग्रीको दररेट जिल्ला उधोग वाणिज्य संघ रौतहट, गौरले निर्धारण गरेको भन्दा बढी हुनु हुदैन ।

बौधीमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय सरमुजवा, रौतहट प्रदेश नं. २ नेपाल

2076/12/25

शरदकुमार भण्डारी
(प्रमुख प्रशासकीय अधिकृत)

शरदकुमार भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

बौधीमाई नगरपालिका
**Baudhimai Municipality**

# नगरकार्यपालिकाको कार्यालय

**Office of The Municipal Executive**

सरमुजवा,रौतहट
**Sarmujawa,Rautahat**
प्रदेश नं २,नेपाल
**Province No.2,Nepal**

प.सं. /Ref.No:०७६/०७७
च.न. /Dispatch No:- 600

मिति :२०७६/१२/२९

विषयः-सूचना टाँस गरी जानकारी पठाइ दिने सम्बन्धमा ।

श्री जिल्ला समन्वय समिति कार्यालय
गौर,रौतहट ,
श्री जिल्ला प्रशासन कार्यालय
गौर,रौतहट ।
श्री कोष तथा लेखा नियन्त्रण कार्यालय
गौर,रौतहट ।
श्री उद्योग वाणिज्य संघ
गौर,रौतहट ।
श्री सवै वडा कार्यालयहरु,
बौधीमाई न.पा.सरमुजवा,रौतहट ।

प्रस्तुत विषयमा कोरोना भाईस संक्रमण (COVID-19) प्रभावित मजदुर,श्रमिक आर्थिक रुपमा विपन्न किसानलाई राहत वितरणको लागि खाद्यन्नको सामाग्रीको दररेट पेश गर्ने सम्बन्धी यसै पत्र साथ संलग्न सूचना त्यस कार्यालयको सुचना पाटीमा टाँसगरी सो को जानकारी पठाई दिनु हुन अनुरोध छ ।

2076/12/25

शरदकुमार भण्डारी
(प्रमुख प्रशासकीय अधिकृत)

शरदकुमार भण्डारी
प्रमुख प्रशासकीय अधिकृत